# International seminar on 'Exploring the Relevance of Buddhist Education in Addressing Global Challenges: Perspectives from Lumbini the Birthplace of Buddha'

## Declaration of Lumbini

## लुम्बिनी घोषणापत्र

1 विश्वब्यापी रुपमा सिर्जित चुनौतिहरु समाधानमा बौद्ध शिक्षाको सान्दर्भिकता विषयक सेमिनारमा सहभागी हुन आउनुभएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विद्वान तथा विशिष्ट पहुना, अध्येता, अनुसन्धानकर्ता एवं सहभागीहरुलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछ ।

We express hearty gratitude to all national and international scholars, experts, researchers, and participants, who participated in the seminar on the relevance of Buddhist education in addressing globally prevalent issues and finding solutions.

2 राजनीतिक व्यवस्थाको परिवर्तन तथा सम्पूर्ण द्वन्द्वका विषयहरु समाधान भइसकेकाले बुद्ध जन्मस्थल नेपाललाई शान्ति देश घोषणा गर्न संयुक्त राष्ट्र संघ समक्ष आग्रह गर्दछ ।

Given the resolution of political systems and various conflicts, we urge the United Nations to declare the birthplace of Buddha, Nepal, as a Zone of Peace.

3 बुद्धजन्मस्थल लुम्बिनीलाई शान्ति र बौद्ध दर्शनको उद्‌गमस्थलका रुपमा प्रवर्द्धन गर्ने र बौद्ध ध्यान-साधना राजधानी (शान्ति शहर) घोषणा गर्नका लागि नेपाल सरकारसँग माग गर्दछ ।

We call upon the Nepalese government to collaborate in declaring Lumbini, the birthplace of Buddha, as the fountain for the promotion of Buddhist philosophy and meditation practices.

4 बौद्ध शिक्षालाई विद्यालय तहदेखिको शैक्षिक पाठ्यक्रममा समावेश गर्दै बौद्ध दर्शनको अध्ययन, अनुसन्धानलाई विशेष प्राथमिकतामा राख्नका लागि सम्बन्धित निकायलाई विशेष अनुरोध गर्दछ ।

We request relevant authorities to include Buddhist education in educational curricula at all levels, emphasizing research and prioritizing studies.

5 वातावरणीय असन्तुलन, आर्थिक संकट, आपसी द्वन्द्व र अपराध तथा मानसिक प्रतिकुलनताजस्ता विश्वव्यापी समस्याको समाधान तथा न्यूनिकरणका लागि शील, समाधि र प्रज्ञायुक्त समाज निर्माण गर्न बौद्ध शिक्षाको विश्वव्यापीकरण आवश्यक

देखिएकाले बौद्ध शिक्षाको अध्ययन, अनुसन्धानमा जोड दिन सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्दछ ।

Given the global prevalence of environmental imbalances, economic crises, interpersonal conflicts, crimes, and mental health challenges, and recognizing the necessity to build societies based on morality, mindfulness, and wisdom, we stress the global integration of Buddhist education into education and research efforts, urging the entire international community to participate.

6 बौद्ध संस्कृति, सम्पदा, कला साहित्यको संरक्षणमा विशेष ध्यान दिँदै नेपालमा रहेका सम्पूर्ण बौद्ध समुदायहरुको यथोचित विकासमा जोड दिँदै बौद्ध परम्परामा आधारित शिक्षालाई मूलधारसम्म जोड्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदाय समक्ष अनुरोध गर्दछ ।

We appeal to national and international communities to join efforts in preserving Buddhist culture, heritage, art, and literature in Nepal and in integrating the all Buddhist tradition into the foundation of education.

7 सन् १९९८ को विश्व बौद्ध शिखर सम्मेलनको भावना अनुसार लुम्बिनीलाई बौद्ध दर्शन अध्ययन तथा अनुसन्धान केन्द्रका रुपमा स्थापित गर्नका लागि बौद्ध विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय विश्वविद्यालयका रुपमा स्तरोन्नती गर्न अन्तर्राष्ट्रिय सहयोग, समर्थन जुटाउन हामी सम्पूर्ण प्रतिवद्ध छौं ।

In line with the aspirations of the First World Buddhist Summit of 1998, we are committed to elevating Lumbini to an international center for the study and research of Buddhist philosophy by advancing Lumbini Buddhist University to the status of an international institution with the support and cooperation of the international community.